**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 07.11.2025

**वन्दे मातरम @150**

गान्तोकको मनन केन्द्रमा वन्दे मातरमको 150 औं वार्षिकोसवको राष्ट्रव्यापी समारोहमा सिक्किमका राज्यपाल ओम प्रकाश माथुर प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

कार्यक्रमको सुरूमा प्रधानमन्त्री नरेन्द्र मोदीको भर्चुअल सन्देश प्रसारण गरिएको थियो। त्यसपछि, राज्यपाल माथुरले असहयोग आन्दोलन र चरखा आन्दोलनमा सक्रिय रूपमा भाग लिएका र आफ्नो जीवनमा वन्दे मातरम को भावना आत्मसात गरेका सिक्किमका स्वतन्त्रता सेनानी त्रिलोचन पोखरेल र हेलेन लेप्चा उर्फ सावित्री देवीलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।...बाइट

कार्यक्रममा वन्दे मातरणको सामूहिक गायन र धेरै सांस्कृतिक प्रदर्शनहरू पनि समावेश थिए।

**गेजिङ स्कूलले वन्दे मातरण र विरसा मुन्डा जन्मजयन्ती मनायो।**

आज गेजिङ जिल्ला स्थित हा- याङथाङ वरिष्ठ माध्यमिक विद्यालयमा राष्ट्रिय गौरव, सांस्कृतिक चेतना र ऐतिहासिक सम्मानका दुई महत्वपूर्ण प्रसंङ्गलाई एउटै मञ्चमा समेट्दै भव्य कार्यक्रम गरियो। एकातिर भारतको राष्ट्रिय गीत वन्दे मातरम लेखिएको दिनका रूपमा मानिने 7 नोभेम्बरको 150 वर्ष स्मृति वर्षको शुभारम्भ, अर्कोतिर आदिवासी उतिहासका अमर वीर धरती अब भनि जानिने बिरसा मुण्डाको जन्मजयन्ती दुबैलाई विद्यालयले गरिमामय रूपमा मनायो।

**पाकिममा एकता मार्च**

आगामी, सरदार@150 एकता मार्च जिल्ला स्तरीय पदयात्राको तयारी बैठक जिल्ला प्रशासनिक केन्द्र, पाकिमको सम्मेलन हलमा आयोजना गरिएको थियो। यो कार्यक्रम सरदार वल्लभभाई पटेलको 150 औं जन्मजयन्ती मनाउन, राष्ट्रव्यापी पहलको एक भागको रूपमा आयोजना गरिएको छ।

एकता मार्च पदयात्रा 18 नोभेम्बर 2025 मा बिहान 9.30 बजे शुरू हुनेछ।

## त्रिवेणी राईको फिल्म KIFF 2025 मा

सिक्किमकी प्रदिद्ध फिल्म निर्माता त्रिबेणी राईको फिल्म **शेप अफ मोमोले** आजबाट शुरू हुने कोलकाता अन्तर्राष्ट्रिय फिल्म महोत्सव 2025 मा भारतीय भाषा फिल्म श्रेणीमा प्रतिस्पर्धा गर्नेछ। 114 मिनेट लामो यो फिल्म 10 नोभेम्बर मा कोलकाताको नन्दनमा प्रदर्शन गरिनेछ। यस अघि फिल्मले ताइपेई फिल्म कमिसन अवार्ड र बुसान अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा सोङ्वोन भिजन अवार्ड सहित धेरै अन्तर्राष्ट्रिय पुरस्कारहरू जितेको थियो।

## पाकिममा तालिम कार्यक्रम

निर्वाचन दर्ता अधिकारीहरू, सहायक निर्वाचन दर्ता अधिकारीहरू, बुथ स्तर अधिकारी पर्यवेक्षकहरू र बुथ स्तर अधिकारीका लागि आज रर्बन कम्प्लेक्स, पाकिममा एक दिने प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो।

विशेष गहन पुनरीक्षण (SIR) कार्यक्रम अन्तर्गत, आगामी घर- घर क्षेत्र प्रमाणीकरण र E-Roll 2002 का मतदाताहरू र तिनीहरूका सन्तानको नक्साइकनको लागि प्रशिक्षण आयोजना गरिएको थियो।

यस पहलले क्षेत्रका कर्मचारीहरूलाई SIR अभ्यासको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक परिचालन दिशानिर्देशहरू, अद्यावधिक प्रक्रियाहरू र प्राविधिक ज्ञानले सुसज्जित गर्ने साथै निर्वाचन प्रक्रियामा पारदर्शितालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

## 10देखि 13 नोभेम्बरसम्म गान्तोकको पाल्जोर स्टेडियममा 35 औं नेशनल स्ट्रेन्थ लिफ्टिङ एण्ड इनक्लाइन बेञ्च प्रेस च्याम्पियनशीप आयोजना गरिने

सिक्किम राज्य स्थापनाको 50औं वर्षगाँठ तथा स्वर्णजयन्तीको अवसर पारेर आगामी 10 देखि 13 नोभेम्बरसम्म राजधानी गान्तोकको पाल्जोर इण्डोर स्टेडियममा 35 औं नेशनल स्ट्रेन्थ लिफ्टिङ एण्ड इनक्लाइन बेञ्च प्रेस च्याम्पियनशीप आयोजना गरिनेछ। आयोजक सिक्किम स्ट्रेन्थलिफ्टिङ एसोसिएशनका अध्यक्ष तथा सिक्किम सरकारका सचिव अनिज राज राईले यो जानकारी दिएका हुन्। उनले बताएअनुसार च्याम्पियनशीपमा सिक्किम लगायत देशका जम्मा 22 वटा राज्यबाट सात सय भन्दा अधिक प्रतियोगीहरूले सहभागिता जनाउनेछ।